लुम्बिनी प्रदेश सरकार
वन, वातावरण तथा पर्यटन मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय बर्दिया

गुलरिया, नेपाल

पत्र संख्याः २०८३/०८४
च.नं.: ४३६

मितिः २०८३/०४/२१

**बिषयः सूचना वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराईदिने सम्बन्धमा ।**

श्री वन, वातावरण तथा पर्यटन मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल

श्री वन निर्देशनालय
बुटवल, रुपन्देही

प्रस्तुत बिषयमा बैदा सामुदायिक वन, बारबर्दिया नपा-१० बैदा, बर्दिया को प.सं. २०८३/०८४, च.नं.५ मिति २०८३/०४/२१ को पत्रसाथ संलग्न वनपैदवार बिक्री सम्बन्धी सूचना यस कार्यालयमा प्राप्त भएकोले समूहको माग अनुसार ताहाँको वेभसाईटमा अपलोड गरी सो को जानकारी उपलब्ध गराई दिनुहुन सादर अनुरोध छ ।

नि. डिभिजनल वन अधिकृत ८३/०४/२१

**बोधार्थः**

श्री बैदा सामुदायिक वन, बारबर्दिया नपा-१० बैदा, बर्दिया : ताहाँबाट प्राप्त सूचना यस कार्यालयको सूचना पाटीमा टाँस गर्नुका साथै वेभसाईटमा समेत अपलोड गरिएको ब्यहोरा जानकारी गराईन्छ ।

श्री बैदा सामुदायिक वन उपभोक्ता समुह
बारबर्दिया न. पा. १०, बैदा, बर्दिया

प. सं. ०८३।८४
च.न.:-५

मिति :- २०८३।०४।२१

विषयः सुचना वेवसाईटमा अपलोड गरिदिने सम्बन्धमा।

डिभिजन वन कार्यालय
गुलरिया , बर्दिया ।

प्रस्तुत विषयमा यस समुहले मिति २०८३।०४।२१ गते काठ दाउरा विक्रिवितरण सम्बन्धि सुचना नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरेको र सो सम्बन्धि विस्तृत सुचना डिभिजन वन कार्यालय बर्दिया, वन निर्देशनालय वुटवल र वन तथा वातावरण मन्त्रालय राप्ती, उपत्यका दाङ्गको वेवसाईटमा अपलोड गरि सहयोग गरिदिनु हुन विस्तृत सुचना पना २ को थान १ यसै पत्रसाथ पठाईएको व्यहोरा सादर अनुरोध छ ।

श्री वन व्यवस्थापन शाखा
२०८३।०४।२९

अध्यक्ष
नारायण थारु

नारायण थारु
अध्यक्ष

डिभिजन वन कार्यालय, बर्दिया
दर्ता नं. ३५१
मिति : ०८३।०४।२९

अनुसूचि १६

(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री बैदा सामुदायिक वन उपभोक्ता समूह

बारबर्दिया न.पा. १०, , बर्दिया

प.स.

च.नं.

मिति: २०८३/०४/२१

विषयः गोलिया काठ र दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना ।

लट नं. १, २ र ३ (२०८३/०८४)

<u>पहिलो पटक सुचना प्रकाशन मिति २०८३।०४।२१</u>

श्री बैदा सामुदायिक वन उपभोक्ता समूहको वनबाट आ.व.२०८२/०८३ मा रुखहरु कटान मुछान गर्दा उत्पादित गोलिया काठ बारबर्दिया न.पा. १०, को घाटगद्दिमा रहेको तपसिलमा उल्लेखित परिमाणको काठ जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ । ईच्छुक व्यक्ति, सघंसस्था, फर्म वा कम्पनीले यो सुचना नागरिक राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८३/०४/२१ गते प्रकाशन भएको मितिले २१ दिन भित्र यस समूहको कार्यालय र डिभिजन वन कार्यालय बर्दियाबाट बोलपत्र खरिद गरी २२ औं दिन दिनको १२:०० बजे भित्रको समयमा यस बैदा सामुदायिक वन उपभोक्ता समुहको कार्यालय बारबर्दिया न.पा. वडा नं. १० बर्दिया र डिभिजन वन कार्यालय बर्दियामा सिलबन्दी बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ ।

<u>तपसिल</u>

१.वन पैदावारको बिवरण:-

| वन पैदावार | | | | | | | मुल्याङकन (रु.) | |
|---|---|---|---|---|---|---|---|---|
| लट नं. | धाङ्ग नं. | जात | ग्रेड | किसिम | थान | परिमाण घ.फि. | न्युनतम मुल्य रु. | सङ्कलन खर्च |
| १ | ३ र १० बाहेक १ देखि १६ सम्म | सिसौ(वृ) | A | गोलिया | ३६ | २५७.१३ | १७९९९१/ | काठ संकलन खर्च प्रति क्यू.फि. रु.१२८/- र दाउराको हकमा प्रतिचट्टा रु ९५०० साकार कर्ताले व्यहोर्नु पर्नेछ । |
| | | सिसौ(वृ) | B | गोलिया | २४० | ५५४.२३ | २७७११५/ | |
| | | जामुन | B | गोलिया | ३ | २१.३९ | ६४१७/ | |
| | | जामुन | C | गोलिया | ५८ | १३६.३२ | १३६३२/ | |
| | | सागुन | A | गोलिया | १६ | १०६.०६ | ८४८४८/ | |
| | | सागुन | B | गोलिया | ९४० | १७३३.३७ | १०४००२२/ | |
| | | कदम | N | गोलिया | २३ | ४०.९० | ४०९०/ | |
| | | कर्मा | C | गोलिया | ७ | ८.१७ | ८१७/ | |
| | | दबदबे | N | गोलिया | ३१ | ८१.४६ | ८१४६/ | |
| | | बकाईनो | N | गोलिया | ४ | ६.९२ | ६९२/ | |
| | | बाँझी | N | गोलिया | ३१ | ६२.६० | ६२६०/ | |
| | | बोटधाइरो | N | गोलिया | १० | २५.२२ | २५२२/ | |
| | | मसला | N | गोलिया | १३ | २४.६१ | ३०७६.२५/ | |
| | | जम्मा | | | १४१२ | ३०५८.३८ | १६२७६२८.२५/ | |
| २ | ३ र १० | खयर | N | गोलिया | १०१५ | ६२६.२१ | ६२६२१०/ | |
| ३ | | सिसौ/टिक दाउरा | | चट्टा | | ६.५ | ७८०००/ | |
| | | अन्य दाउरा | | चट्टा | | ७ | २८०००/ | |
| | | जम्मा | | | | १३.५ | १०६०००/ | |

अनुसुचि १६
(दफा ३३ को उपदफा (२) संग सम्बन्धित)

# श्री बैदा सामुदायिक वन उपभोक्ता समूह

## बारबर्दिया न.पा. १०, बर्दिया

२.बोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मिति र समय

(क) अन्तिम मितिः२०८३।०५।११ (ख) समय दिउँसो १२:०० बजेसम्म ।

३.बोलपत्रसाथ कबुल गरेको रकम को १० प्रतिशतले हुन आउने रकम बोलपत्र खरिद गरेको सामुदायिक वन उपभोक्ता समुहको राष्ट्रिय बाणिज्य बैंक, गुलरिया शाखा कार्यालय, बर्दियामा रहेको हिसाब नं. ४१४०१००००३४०६००१ खातामा नगद जम्मा गरेको सक्कल भौचर/-----------------बैंकमा कम्तिमा ६ महिना अवधिको बैंक जमानत समावेश हुनुपर्नेछ ।

४.बोलपत्र फारमको रु. २००० र १०००/१०००।- पछि फिर्ता नहुने गरी तिरी यस सामुदायिक वन उपभोक्ता समूह र डिभिजन वन कार्यालय बर्दियाबाट खरिद गरि खरिद गरेको निकायमा दाखिला गर्नु पर्नेछ ।

५.लिलाम बढाबढ हुने वन पैदावार कार्यालय खुलेको समय दिनको ५:०० बजे भित्र बैदा सामुदायिक वन उपभोक्ता समुहको घाटगद्दि स्थलमा गई हेर्न सकिनेछ।

६.लिलाममा भाग लिन ईच्छुक कम्पनी वा फर्मको प्रोपराईटरले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ,फर्म वा कम्पनि दर्ता प्रमाण पत्रको प्रतिलीपि ,कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र मुल्य अभिबृद्दी कर दर्ता प्रमाण पत्रको प्रतिलीपि वा स्थाई लेखा नम्वर (PAN) दर्ता प्रमाण पत्रको प्रतिलीपि र संघीय वन नियमावली २०७९ को नियम १२८ बमोजिम सम्बन्धित डिभिजन वन कार्यालयमा सुची दर्ता गरेको प्रमाण पत्रको प्रतिलिपि बोलपत्रसाथ पेश गर्नु पर्नेछ ।

७.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका बोलपत्रहरु मिति २०८३।०५।११ गते दिनको २:०० बजे साक्षीहरुको रोहवरमा खोलिने छ ।

८.लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिबृद्धी कर, अग्रिम आय कर, संकलन खर्च छुट्टै बुझाई लिलाममा चढाएको वन पैदावार तोकिएको अवधि भित्र उठाईलैजानु पर्नेछ ।

९.बोलपत्रमा सकार गरिएको रकम अङ्क र अक्षर दुबैमा लेख्नुपर्नेछ ।अङ्क र अक्षरमा फरक परे अक्षरलाई मान्यता दिईनेछ ।

१०.प्रस्तुत बोलपत्रको सम्वन्धमा कुनै बिवाद उत्पन्न भएमा त्यसको अन्तिम निर्णय दिने अधिकार सम्बन्धित निकायको हुनेछ ।

११. रितपुर्वक नभएको वा शर्त राखिएको र म्याद नाघि प्राप्त भएको बोलपत्र मान्य हुने छैन ।

१२. प्रस्तुत बोलपत्र सदर वा बदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायिक वन उपभोक्ता समूहमा निहित रहनेछ ।

१३. अन्य कुराहरु प्रचलीत कानुन अनुसार हुनेछ ।